जनमुखी पत्रकारिताको अभ्यास

जि.प्र.का.ड.द.नं.१४/०६७/६८, जि.ह.का.ड.द.नं. ३४/२०८२/८३

# लाल बिगुल


Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्षः- १५ अंकः- ३७ २०८२ साल भाद्र १३ शुक्रवार (Aujust 25, 2025) पृष्ठ संख्याः- ४ मुल्य रु : ५।-

## डडेल्धुरामा जीप दुर्घटना हुँदा पाँच जनाको मृत्यु, पाँच घाइते

करन साउद

१३ भाद्र २०८२




डडेल्धुरा । डडेल्धुराको नवदुर्गा गाउँपालिका - ५ मा जीप दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।

बिहीबार बिहान करिब ८ बजे चामा चौडबाट डडेल्धुरा आउँदै गरेको से १ ज ७३१ नम्बरको जीप अनियन्त्रित भई सडकबाट करिब ५०० मिटर तल खस्दा दुर्घटना भएको हो ।

दुर्घटनामा घटनास्थलमै चार जनाको मृत्यु भएको थियो भने उपचारको क्रममा थप एक जनाको मृत्यु भएपछि मृतकको संख्या पाँच पुगेको जिल्ला प्रहरी कार्यालय डडेल्धुराले जनाएको छ ।

मृत्यु हुनेमा नवदुर्गा-५ माथिखर्कका १८ वर्षीया सुरेश साउद, गजेलाका २३ वर्षीया सुरेश पार्की, भुमिराज आ.बि.की ४० वर्षीया शिक्षिका तारा अवस्थी, नवदुर्गा-२ घर भई माइतीघर धगडबत्तीमा बस्दै आएकी ७२ वर्षीया कलावती साउद र नवदुर्गा-५ पुईयागैराका ५३ वर्षीय गणेश बहादुर साउद (नन्ना) रहेका छन् ।

घाइते हुनेमा १८ वर्षीया सुशिला बिक, ४ वर्षीया प्रतिमा पार्की, ५२ वर्षीय चन्द्रबहादुर साउद, ४४ वर्षीय प्रकाश बिक र गाडी चालक ३५ वर्षीय रामबहादुर साउँद रहेका छन् ।

घाइतेमध्ये ४ वर्षीया प्रतिमा पार्कीको डडेल्धुरा अस्पतालमै उपचार भइरहेको छ भने गम्भीर घाइते चार जनालाई थप उपचारका लागि रेफर गरिएको हो । तीमध्ये तीन जनाको धनगढीस्थित मायामेट्रो हस्पिटलमा उपचार भइरहेको छ भने गाडी चालक रामबहादुर साउँदको भारतको रुद्रपुरस्थित मेटासिटी हस्पिटलमा उपचार भइरहेको पारिवारिक स्रोतले जनाएको छ ।

घटनास्थलमा प्रहरी निरीक्षक घनी चन्द नेतृत्वको टोलीले उद्दार कार्य गरेको थियो । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय डडेल्धुराले जनाएको छ ।

## डडेल्धुराका तीन स्थानीय तहमा फेरिए प्रमुख प्रशासकीय अधिकृत

बिगूल समाचार

१३ भाद्र २०८२




डडेल्धुरा । डडेल्धुराको अमरगढी नगरपालिका, परशुराम नगरपालिका र आलिताल गाउँपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत तोकिएका छन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बिहीबार ठूलो संख्यामा गरेको सरुवासँगै यी तीन स्थानीय तहमा नयाँ प्रशासकीय अधिकृत नियुक्त भएका हुन् ।

मन्त्रालयको निर्णयअनुसार देशभर १२२ उपसचिव र ९७ शाखा अधिकृतको सरुवा गरिएको छ। सोही क्रममा अमरगढी नगरपालिकामा उपसचिव नवराज ओझालाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइएको छ । उनी यसअघि सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत थिए । अमरगढीमा यसअघि लक्ष्मीप्रसाद उपाध्याय प्रमुख प्रशासकीय अधिकृत थिए ।

त्यस्तै, परशुराम नगरपालिकामा उपसचिव मोहन अर्याललाई पठाइएको छ। लुम्बिनी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत रहेका अर्यालले अब परशुरामको प्रशासनिक नेतृत्व गर्नेछन् । यसअघि यहाँ कल्पना भट्ट प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा थिइन् ।

त्यस्तै, आलिताल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दीपेन्द्रराज अधिकारीलाई दिइएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कार्यरत अधिकारीलाई सरुवामार्फत आलिताल पठाइएको हो । यसअघि यहाँ कार्यरत नरेन्द्रसिंह ठगुन्नाको यस अघि नै सरुवा भइसकेका थिए ।

समान्य प्रशासन मन्त्रालयको यो निर्णय संगै डडेल्धुराका ७ ओटै स्थानीय तहमा अब निमित्त नभई पूर्ण जिम्मेवरी सहितका प्रमुख प्रशासकीय अधिकृत रहनेछन् ।

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भद्रपुर, डडेल्धुरा

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं । यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

परशुराम नगरपालिका

वडा नं. १० को कार्यालय

डडेल्धुरा

## खोलामा डुबेर धनगढीका चार जना किशोरको मृत्यु

बिगूल समाचार

१३ भाद्र २०८२



कैलाली । कैलालीको गोदावरी नगर पालिकाको हाटखोलीस्थित खुटिया खोलामा डुबेर चार जना किशोरको मृत्यु भएको छ ।

नुहाउने क्रममा खोलामा डुबेर धनगढी उपमहानगरपालिका-४ रातोपुलका १७ वर्षीय जाबेज भण्डारी र १५ वर्षीय जेब भण्डारी, वडा नं-५ तरानगरका १५ वर्षीय सक्षम जोशी र १७ वर्षीय प्रतिक चौधरीको मृत्यु भएको प्रहरी नायब उपरीक्षक रणबहादुर चन्दले जानकारी दिनुभयो । चारैजना पौडी खेल्ने क्रममा डुबेका थिए ।

डुबेको खबर पाउनासाथ मालाखेती र स्याउलेबाट खटिएको प्रहरी टोलीले उनीहरुको खोजी गर्न थालेको थियो । घट्नास्थल नजिकै खोलामै चारै जनाको शव फेला परेको प्रहरी नायब उपरीक्षक चन्दले जानकारी दिए । उनीहरुसँगै नुहाउन गएका अन्य तीन किशोर भने सकुशल घर फर्किएका छन्। धनगढीदेखि करिब १८ किलोमिटर उत्तर तर्फ चुरे पहाडको फेदमा रहेको खुटिया खोलामा किशोरहरुको समूह नुहाउनका लागि गएका थियो ।

## गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

गन्यापधुरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बडाल, डडेल्धुरा

## सम्पादकीय

### लिपुलेक व्यापार सम्झौता : नेपालको सार्वभौमिकतामाथिको गम्भीर प्रहार

भारत र चीनबीच हालै लिपुलेक भञ्ज्याङलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्ने सहमति भएको खबर बाहिर आएको छ। यो केवल दुई छिमेकी मुलुकबीचको सामान्य सम्झौता होइन, नेपालको सार्वभौमिकतामाथि प्रत्यक्ष प्रहार हो। किनभने इतिहास, कानुनी दस्तावेज र तथ्य प्रमाणहरूले लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्र नेपालको भूभाग हो भन्ने कुरा बारम्बार पुष्टि गरिसकेको छ। तर शक्तिशाली छिमेकी राष्ट्रहरूबीचको मिलेमतोले सानो मुलुक नेपाललाई फेरि एकपटक असहज स्थितिमा धकेलेको छ।

सन् १८१६ को सुगौली सन्धिले नेपाल र तत्कालीन ब्रिटिस उपनिवेशबीचको सीमा महाकाली नदी तोकेको थियो। त्यसै सन्धिको धारा ५ मा यो कुरा स्पष्ट रूपमा उल्लेख छ। यस्तै, सन् १९६१ मा नेपाल र चीनबीच भएको सीमा सन्धिले पनि महाकाली नदीको पानीढलो नै सीमा हुने प्रस्ट रूपमा स्वीकार गरेको छ। यी दुवै सन्धि आजसम्म नेपालका लागि बलियो प्रमाणका रूपमा रहेका छन्। त्यसमाथि गुन्जी, कुटी, नाभी लगायतका गाउँहरूका बासिन्दाले नेपालकै आमनिर्वाचनमा मतदान गरेको, जनगणनामा समावेश भएको र २०१९ सालसम्म नेपालको राज्यलाई मालपोत तिरेको प्रमाण अझै सुरक्षित छन्। यिनै प्रमाणहरूले यो भूभाग नेपालको हो भन्ने विषयमा कुनै शंका नराख्ने स्थिति बनाउँछन्।

तर विडम्बना, भारतले कालापानी, लिपुलेक र लिम्पियाधुरालाई आफ्नो भनी निरन्तर अडान लिँदै आएको छ। २०४६ सालको परिवर्तनपश्चात् नेपालले यसबारे कूटनीतिक स्तरमा आपत्ति जनाउँदै आएको भए पनि भारत वार्तामा बस्न तयार भएको छैन। स्थलगत सिमांकन अझै अघि बढ्न नसक्नु यसको स्पष्ट उदाहरण हो। यता, चीनले पनि हालै भारतसँग मिलेर लिपुलेक भञ्ज्याङमार्ग हुँदै व्यापारिक नाका खोल्न सहमति जनाउँदा नेपालको दाबीलाई कमजोर बनाइदिएको छ। चीनको यो स्वीकारोक्ति नेपालका लागि सानो धक्का होइन, गम्भीर चुनौती हो।

यो विवाद समाधान गर्न चीनको मध्यस्थता अपरिहार्य छ। कारण सरल छ, नेपाल-भारत-चीनको त्रिदेशीय सीमाविन्दु अझै निर्धारण भएको छैन। नेपाल र चीनबीचको पश्चिम क्षेत्रको १ नम्बर पिलर टिंकरमा भए पनि शून्य नम्बरको सीमा स्तम्भ अझै तोकिएको छैन। नेपाल र चीनबीच १६-१६ किलोमिटर दुरीमा ७९ वटा स्तम्भ निर्धारण भएको छ। त्यसै हिसाबले टिंकरभन्दा पश्चिमतर्फको क्षेत्र पनि नेपालकै भूभाग हो भन्ने कुरा चीनले विगतमा नै स्वीकार गरि सकेको देखिन्छ। तर अहिले भारतको प्रस्तावअनुसार लिपुभञ्ज्याङमा नाका खोल्न सहमत हुँदा चीनले अप्रत्यक्ष रूपमा भारतीय दाबीलाई बल दिएको जस्तो देखिन्छ।

यसरी चीनले व्यापारिक नाका खोल्न सहमति जनाउनु भनेको कालापानी-लिपुलेक-लिम्पियाधुरा भारतकै हो भन्ने मान्यता दिनु हो। यो नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि गम्भीर प्रहार हो। यस विषयमा नेपालले समयमै ठोस पहल गर्न नसकेको स्वीकार गर्नैपर्छ। विगत १० वर्षयता चीन र नेपालबीच धेरै उच्चस्तरीय भ्रमण भए। नेपालबाट पनि त्यति नै संख्यामा प्रतिनिधिमण्डलहरूले चीन भ्रमण गरे। तर यी भेटघाटमा नेपालले लिपुलेक आफ्नो भूभाग हो भन्ने कुरा सप्रमाण प्रस्तुत गर्ने साहसिक प्रयास गरेको देखिन्न। ठूला छिमेकीसँग सम्बन्ध सुमधुर राख्न खोज्दा मुलुकको सीमाविवादलाई पछि धकेल्नु गम्भीर कमजोरी हो।

साना राष्ट्रहरूको अस्तित्वको आधार नै सीमाको स्पष्ट पहिचान र रक्षा हो। बलिया छिमेकीसँग जोगिन सशक्त कूटनीति नै मूल हतियार हो। तर दुर्भाग्यवश, नेपालका शासकहरूले इतिहासदेखि नै यस विषयमा चुक्दै आएका छन्। राणाकालदेखि पञ्चायतकालसम्मको कमजोरीलाई दोष दिएर मात्रै समस्या समाधान हुँदैन। अहिले नेपालले लिएको अडान जायज छ, तर अडानले मात्र समस्या सुल्झिँदैन। प्रमाणसहित निरन्तर कूटनीतिक संवाद, छलफल र अन्तर्राष्ट्रिय समुदायसमक्ष तथ्य राख्ने सक्रिय पहल नेपाल सरकारले गर्नु नै पर्छ।

संयोगवश यसै महिनाभित्र प्रधानमन्त्रीको चीन र भारत भ्रमण तय भएको छ। लिपुलेक सम्झौता ताजा विषय भएकाले पनि यसलाई उच्चस्तरीय एजेन्डा बनाउनुपर्ने हो। कूटनीतिक स्तरमा कठोर र स्पष्ट पहल गर्न सकेमा मात्र नेपालको सार्वभौमिकता जोगाउन सकिन्छ। यस अवसरलाई प्रयोग गरेर प्रधानमन्त्रीले भारत र चीन दुबैसँग दृढतापूर्वक कुरा उठाउनु अत्यन्त जरुरी छ।

नेपालको सार्वभौमिकता केवल भावनामा होइन, कूटनीतिक सक्रियतामा सुरक्षित हुन्छ। लिपुलेक सम्झौताले दिएको चुनौतीलाई हल्का रूपमा लिन मिल्दैन। अब ढिलो नगरी ठोस कदम चालेर मात्र नेपालले आफ्नो भू-अखण्डता सुरक्षित राख्न सक्छ।

# लिपुलेक अतिक्रमण : भारतको विस्तारवादी चरित्र र चीनको दोहोरो प्रवृत्ति



**धनराज वास्तविक**

यतिबेला नेपालको लिपुलेक २ छिमेकी भारत र चीनले ब्यापारिक सम्झौता गरेपछि चर्चामा छ। लिम्पियाधुरा समेतको जमिन समेटेर नेपालले यसअघि नै नक्सा छापेको थियो। तर, उक्तभूमि भारतले भोगचलन गर्दै आएको छ। तथ्य र प्रमणाले नेपाली भूमि भए पनि भारतको रजगज चलिरहेकै थियो। पछिल्लो समय चीनले पनि चर्किरहेको घाउमा चुनचुक छर्किने काम गरेपछि नेपाल र नेपाली जनताहरू फेरि एकपटक आन्दोलित बनेका छन्। खासगरी संघीय राजधानी काठमाडौँमा विद्यार्थी संगठनहरूले भारत र चीनविरूद्ध नाराबाजी गरिरहेका छन्।

#### ऐतिहासिक पक्ष

आज जुन विवाद सतहमा आएको छ, यसलाई बुझ्न सुगौली सन्धिलाई फर्केर हेर्नुपर्ने हुन्छ। सन् १८१६ मार्च ४ मा तत्कालीन इस्ट-इन्डिया कम्पनी र नेपालबीच भएको सुगौली सन्धिले आधिकारिक सीमा महाकाली नदी देखाउँछ। सुगौली सन्धि नै आधिकारिक र ऐतिहासिक दस्ताबेज हो। सुगौली सन्धि, नेपालको नक्सा, नेपाल र इस्ट-इन्डिया कम्पनीबीच आदानप्रदान भएका दस्ताबेज र अन्तर्राष्ट्रिय कानुनले लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूमि हो भन्ने कुरा प्रमाणित गर्छन्।

उता भारत सुगौली सन्धि मान्छ, तर, तथ्य र प्रमाणलाई स्वीकार गर्दैन। त्यही कारण नेपाल र भारतीबीच सीमा विवाद थप जटिल बन्दै गएको छ। सुगौली सन्धिको धारा ५ मा काली नदी सीमा नदी भएको उल्लेख छ। साथै सन् १८१९ मा सर्भे अफ इन्डियाले जारी गरेको नक्सा, सन् १८२७ मा जारी भएको कुमाउ र गढवालसहितको नक्सा, सन् १८३० मा जारी पश्चिमी प्रदेशको नक्सा र सन् १८९४ मा जारी कुमाउ राज्यको अद्यावधिक नक्सामा पनि लिम्पियाधुरा नै काली नदीको मुहान भएको देखाइएको छ। नेपालसँग भएका ऐतिहासिक अभिलेख, दस्ताबेज, नक्सा, प्रमाण र तथ्यका आधारमा कुटिल प्रभावकारी कूटनीतिक वार्ता, संवाद र समन्वय गर्ने हो भने वास्तविकता स्वीकार गर्न भारत बाध्य हुने देखिन्छ।

उता सन् १९०३ मा प्रकाशित चीनको प्राचीन नक्सामा पनि लिम्पियाधुराबाट उद्गम भएको नदीलाई नै सिमाना मानी त्यसपूर्वको भूभागमा नेपाल लेखिएको छ। राणा, राजाका पालादेखि नै भारत-चीनबीच भएका असमान सन्धि र सम्झौताको विरोध हुँदै आएको हो। बहुदल, गणतन्त्र आएपछि पनि भारत र चीनसँगको सीमा विवाद समाधान भएको छैन। यसलाई उच्चस्तरको राजनीतिक तवरबाटै समस्या समाधान गरिनु त्रिदेशीय हित हुनेछ।

#### चुच्चे नक्सामा सीमित

२०७७ जेठ ५ गते बसेको मन्त्रिपरिषद्को बैठकले लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटेर नेपालले नयाँ राजनीतिक र प्रशासनिक चुच्चे नक्सा सार्वजनिक गर्ने निर्णय गरेको थियो। त्यसको २ दिनपछि ७ जेठमा नक्सा सार्वजनिक गरिएको थियो। जुन समयमा प्रधानमन्त्री केपी शर्मा ओली थिए। संयोगबस आज लिपुलेक विवादमा पर्दाको समयमा पनि उनै ओली प्रधानमन्त्री छन्। त्यतिबेला नेपालले ऐतिहासिक तथ्यहरू प्रस्तुत गर्दै नक्सामा लिम्पियाधुरा क्षेत्र समेटेको थियो।

प्रधानमन्त्री ओलीले चुच्चे नक्सा छापेको जस लिन कुनै कसर बाँकी राखेनन्। तर, चुच्चे नक्सा पाठ्यक्रमा छाप्नेदेखि अन्य देशलाई नेपालको आधिकारिक नक्सासमेत पठाएनन्। भूमि फिर्ता ल्याउने त धेरै परको कुरा बन्यो। आफ्नो मुलुकको नक्सा विश्वलाई जानकारीसमेत नदिएका ओलीले चुच्चे नक्सालाई नक्सामै सीमित राख्ने काम गरेका थिए। उता भारतले सन् २०१९ नोभेम्बरमा भारतले जम्मू कश्मिरलाई विभाजन गरी २ केन्द्र शासित प्रदेश बनाउँदै नयाँ राजनीतिक नक्सा जारी गरेको थियो। जसमा लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई भारतको उत्तराखण्डको भूभाग भनिएको थियो। उक्त कदमप्रति असन्तुष्टि जनाउँदै नेपालले भारतलाई पत्र पठायो। भारत कूटनीतिक तवरबाट समस्या समाधान गर्न तयार भएन। बरू लिपुलेक हुँदै कैलाश मानसरोवर पुग्ने सडक सञ्जाल निर्माणको काम जारी राख्यो। ८ मे २०२० मा त भारतीय रक्षामन्त्री राजनाथ सिंहले उक्त सडक सञ्जालको उद्घाटन गरेका थिए।

साथै भारतले यसपटक लिपुलेक पासबाट भारत र चीनबीच सन् १९५४ बाटै सीमा व्यापार हुँदै आएको भनेर दाबीसमेत गरेको छ। भारतले सन् १९५४ बाटै लिपुलेकसहितका नाकाबाट सीमा व्यापार सुरू भएको भने पनि ऐतिहासिक तथ्यहरूले सन् १९६२ मा चीनसँग युद्ध चर्किएपछि मात्रै त्यहाँ भारतले आफ्नो उपस्थिति बढाएको पाइन्छ। चीनसँगको युद्धका बेला सुरक्षा कारण देखाउँदै भारतले लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रमा सैनिक पोस्ट स्थापना गर्न नेपालसँग अनुमति मागेको थियो। तर, त्यसपछि भारतीय सुरक्षाकर्मी त्यहाँबाट नहटेको देखिन्छ। नेपालका तत्कालीन राजा रजौटाहरूले आफ्नो शासन जोगाउनका निम्ति पनि उक्त भूमिबाट भारतीय सेना हटाउने कुनै प्रयास गरेनन्।

#### विरोध र आन्दोलन औपचारिकतामा सीमित

नेपालमा सीमा अतिक्रमणलाई लिएर राज्य र जनता जुन भावावेशमा दौडिन्छन्, यो उल्लेख गर्न लायक छैन। राज्यमा रहेका मान्छेहरूको कूटनीतिक पहलमा कमजोर उपस्थिति र सडकमा आन्दोलन गर्ने आन्दोलनकारीहरू सबैले राष्ट्रवादको नाममा औपचारिकता निभाएको देखिन्छ। यस खालको औपचारिकताको घिनलाग्दो, लाचार र कायर लडाइँले मुलुकको रक्षा हुँदैन। जब सिमाना मिचिन्छ, त्यो बेलामा खासगरी संघीय राजधानी काठमाडौँमा केही दिन चर्को स्वरमा नारा जुलुस निकालिन्छन्। समय बित्दै जान्छ, राष्ट्रवादका नाराहरू विस्तारै सेलाउँदै जान्छन्। हामीले यस्ता दृश्यहरू देख्न र पीडा भोग्न थालेको दशकौं भइसक्यो।

नेपालले यसबीचमा भारत-चीनबाट भएका हेपाह प्रवृत्तिका सम्झौताको विरोध मात्र गरेन, पटक-पटक कूटनीतिक नोटसमेत पठाएको छ। नेपालले पछिल्ला १० वर्षमा ८ वटा कूटनीतिक नोट भारतलाई पठाएको देखिन्छ। तर, नेपालले आजसम्म कुनै पनि परिणाम हात पार्न सकेको छैन। भारतले कुनै आधिकारिक जबाफ दिएको छैन। आजको यस सच्चाइलाई हेर्दा छिमेकी देशको अतिक्रमणका विरूद्ध नेपालमा हुने विरोध, आलोचना र आक्रोश केबल औपचारिकतामा सीमित देखिन्छन्। परिणाम निकाल्ने गरी कुनै कदम चालिएको देखिँदैनन्।

#### राष्ट्रप्रति गैरजिम्मेवार राजनीतिक दल

राष्ट्र, राष्ट्रियता, जनजीविका, सुशासन, पारदर्शीता, जबाफदेहिताजस्ता विषयमा हाम्रा दलहरू निक्कै कमजोर छन्। उनीहरू केबल आफू र आफ्नालाई देख्छन्। अरू जम्मैलाई छेक्ने काम गर्छन्। आफ्नो जस्तोसुकै भए पनि लायक हुन्छ, अलि परको मान्छे जस्तोसुकै क्षमतावान् भए पनि नालायक काम नलाग्ने हुन्छ। लिपुलेकबारे कांग्रेस, रास्वपा, राप्रपाजस्ता दक्षिणपन्थी, यथास्थितिवादी पार्टीहरूको के कुरा गर्नु।

हाम्रो देशमा सबैभन्दा बढी राष्ट्रवादी कम्युनिस्टहरू देखिन्छन्। उनीहरू मुलुकमाथि कसैले गिद्धे नजर लगायो भने बलिदान दिन तयार छौँ र हुनुपर्छ भन्दै भाषण दिन्छन्। तर, आजको दिनमा लिपुलेकमाथि भारत र चीनले एकपक्षीय रूपमा ब्यापारिक सम्झौता गरेपछि चुपचाप छन्। यो गम्भीर कुरा हो। विगतमा भारत र चीनसँग भए गरेका असमान सन्धि र सम्झौताहरू खारेज गर्नुपर्छ भन्ने मान्यताका साथ आजका कम्युनिस्टहरूले राजनीति गर्नुपर्ने हो। तर, यस्तो कुनै गुन्जायस देखिँदैन।

यता एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीको विगतलाई हेर्दा उनको कूटनीतिक पारा अर्कै देखिन्छ। उनी बढी लोकप्रियवाद र प्रतिक्रियात्मक देखिन्थे। तर, यसपालि भने उनी मौन छन्। चीन र भारतको भ्रमणलाई दृष्टिगत गरेर ओली मौन बसेका हुन् या भाषण र तीव्र प्रतिक्रियाले समस्या समाधान नहुने रहेछ भनेर आत्मसमीक्षा गरेका हुन्? त्यो त उनैले जानुन्।

तर, यत्ति भन्न सकिन्छ कि, महाकाली सन्धिका प्रमुख व्यक्ति केपी ओली नै हुन्। उनीसँगै माधव नेपालले पनि लिपुलेक सम्झौताबारे कुनै प्रतिक्रिया दिएका छैनन्। किनकी उनीहरू अझैँ पनि महाकाली सन्धि ठिक थियो र छ भन्नेमा छन्। अर्को कुरा ओलीले जति पनि भाषण गर्छन् ती कुनै पनि कुरा कूटनीतिक तवरले हल हुँदैन। यसरी हेर्दा पनि चीनसँग भएका ट्रान्जिट ट्रेड, बिआरआई र सगरमाथा संवादमा उनले बोलेका कुनै पनि कुराले अहिलेसम्म परिणाम निकालेका छैनन्। राजनीतिक जीवनको अन्तिम कालखण्डमा पुगेका ओलीले सत्तामा रहेको बेला तथ्य, प्रमाण र सुसंगत तर्क, वार्ता, कूटनीतिक पहल र संवादमार्फत सीमा विवादलाई सुल्झाउनसके उनी धन्य हुनेछन्।

जब सीमा मिचिन्छ, त्यो बेलामा छिमेकीको चर्को विरोध गर्ने तर, समय बित्दै जाँदा सबै चुपचाप हुने पुरानो रोग हो। यस खालको रोगको दीर्घकालीन उपचार हुनुपर्छ। अब यस्तो खालको प्रियतावादी र प्रतिक्रियात्मक प्रवृत्तिले मुलुक बाँच्न सक्दैन। सिमानाका जनताहरूले शान्तिले सुत्न र बस्न पाउँदैनन्। खासगरी कांग्रेस र कम्युनिस्टहरूले मुलुकलाई असहज अवस्थामा धकेलिरहेका छन्। यिनीहरूको तत्काल विकल्प पनि छैन। जनताले समय आएपछि यिनीहरूको विकल्प खोज्लान् पनि। तर, आजको आवश्यकता भनेको राज्य र जनता मिलेर सीमा अतिक्रमणको देशब्यापी विरोध र खबरदारी गर्नु हो। राज्यले कूटनीतिमार्फत समाधानको बाटोमा अघि बढ्नुपर्छ भने जनताहरूले खबरदारी गर्न छोड्नु हुन्न।

#### सत्य आफैँ जित्दैन

तथ्य, प्रमाणहरूले लिम्पियाधुरा क्षेत्र नेपालको हो

## पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**पाटन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पाटन बैतडी**

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |


तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्झिनु होला।


## लिपुलेक अतिक्रमण.....

भन्ने कुरा स्पष्ट छ। तर, हामीले सत्य कुरा हो भन्दै बस्यौं भने लिम्पियाधुरा क्षेत्र नेपालले भोगचलन गर्ने अवस्था आउँदैन । यसअघि हामीले उक्त भूमि हाम्रो हो भन्यौं तर, फिर्ता ल्याउने कुनै प्रयास गरेनौं। तसर्थ, सत्य आफैं जित्दैन। सत्यलाई जिताउनका निम्ति हाम्रो प्रभावकारी कूटनीति र राजनीतिक नेतृत्व चाहिन्छ । देशभक्त जनता चाहिन्छ । मुलुकका निम्ति बलिदान हुने जनता चाहिन्छ। मुखले भनेर मात्रै कोही राष्ट्रवादी हुँदैन ।

चीन मार्क्सवादी मुलुक हो । लिपुलेक प्रकरणलाई मार्क्सवादको दृष्टिकोणबाट हल गर्न चीन राजी हुनुपर्छ। मार्क्सवाद भनेको बस्तुवादी र सुसंगत ढंगले अन्तर विरोधहरूको पहिचान गर्ने र ती अन्तर विरोधहरूको क्रान्तिकारी र न्यायसंगत ढंगले हल गर्ने विधि हो। महाशक्ति राष्ट्र बन्ने तीव्र तयारीमा रहेको एक कम्युनिस्ट मुलुक चीनले अर्को गणतान्त्रिक मुलुक नेपाल र विस्तारवादी भारतीबीचको विवादित भूमिमा आफ्नो ब्यापारिक स्वार्थमा राजनीतिक, सैद्धान्तिक, वैचारिक पक्षलाई बिर्सिन मिल्छ ? कदापि पनि मिल्दैन। भारत र नेपालबीच चलिरहेको द्वन्द्वलाई सुल्झाउन साथ दिनुको साटो जटिल अवस्था सिर्जना गर्नु चीनका निम्ति हितकरको विषय हुँदैन। लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रहरू ऐतिहासिक तथ्य र प्रमाणले नेपाली भूमि हुन् भन्ने कुरामा चीन सहमत हुनुपर्छ। भारतीय ब्यापार बजारलाई हेरेर नेपालसँगको छिमेकी सम्बन्धमाथि चिसोपना निम्त्याउने काम चीनले गर्नु हुँदैन । चीनले भारतसँग गरेको सम्झौताबारे पुनर्विचार गर्नुपर्छ । जबसम्म कि नेपाल र भारतबीच उक्त भूमिका बारेमा वारपार सम्झौता हुँदैन । यो नै नेपाल र चीनबीचको ऐतिहासिक सम्बन्धलाई जोगाउने उत्तम र व्यावहारिक उपाय हुनेछ ।

एससिओ बैठक १५-१६ भदौमा चीनको तियानजिन सहरमा हुँदै छ । प्रधानमन्त्री ओलीले १७ भदौमा चीनका उपराष्ट्रपति हान चङसँग बेइजिङमा भेट गर्नेछन् । चिनियाँ राष्ट्रपति र भारतीय प्रधानमन्त्रीसँगको द्विपक्षीय भेटको अवसरमा लिपुलेक मुद्दाबारे जोडदार ढंगले आफ्ना कुरा राख्नुपर्छ । साथै भारत र नेपालीबीचमा रहेको विवादलाई वारपार नहुँदासम्म कुनै पनि ब्यापारिक सम्झौता कार्यान्वयन नगर्न आग्रहसमेत गर्नुपर्छ। चीन र भारतको मिचाहा प्रवृत्तिविरूद्ध कुटिल कूटनीतिक प्रदर्शन गरेर ओलीले आफू पनि सार्वभौम देशको नेता हुँ भन्ने पुष्टि गर्नुपर्छ ।

### चीन र भारत किन नजिक भए ?

शक्तिशाली छिमेकी देशहरू मिल्दा पनि दुःख र नमिल्दा पनि हामीलाई दुःख हुनेरहेछ। पछिल्ला कालखण्डमा घटित घटनाहरूले यस्तै बताइरहेका छन् । विश्वकै शक्तिशाली राष्ट्र बन्ने दाउमा रहेको चीन र भारत पछिल्लो समय नजिकिँदै छन् ।

सन् २०२५ अगस्ट १७ र १८ गते भारत भ्रमण गरेका चिनियाँ विदेशमन्त्री वाङ यीसँगको छलफलपछि भारत-चीनले लिपुलेक पास प्रयोग गरेर व्यापार गर्ने सहमति गरेको सार्वजनिक भयो । सहमतिका बुँदामा दुवै पक्षले तोकिएका ३ नाकाहरू लिपुलेक पास, शिप्किला पास र नाथुला पासमार्फत सिमानापार व्यापार पुनः सुरू गर्न सहमत भएको उल्लेख छ । यस सहमतिका विरूद्ध नेपालले कूटनीतिक नोट पठाइसकेको छ। तर, यो अवस्था किन र कसरी आयो ? भन्ने सवाल महत्त्वपूर्ण छ।

हालै अमेरिकी ट्रम्पको नीतिको पछिल्लो सिकार बनेको भारतमाथि बुधबारदेखि नै लागू हुनेगरी थप ५० प्रतिशतसम्म ट्यारिफ (आयात कर) लागेको छ । यद्यपि नेपालमाथि केबल १० प्रतिशत (विद्यमान दरमा थपिने) ट्यारिफ लागेको छ। छिमेकमा बंगलादेशलाई २० प्रतिशत, श्रीलंकालाई २० प्रतिशत, पाकिस्तानलाई १९ प्रतिशत र अफगानिस्तानलाई १५ प्रतिशत ट्यारिफ लागेका छन् । ट्रम्पको यस कदमले भारतीय आर्थिक अवस्था निक्कै कमजोर हुने प्रक्षेपण गरिएका छन् । यी तमाम संकटलाई दृष्टिगत गर्दै भारत चीनसँग सत्रुता नभएर मित्रवत ढंगले प्रतिष्पर्धा गर्न तयार भएको सहज अनुमान गर्न सकिन्छ ।

भारतको नेपाललाई हेर्ने यथास्थितिवादी, विस्तारवादी प्रवृत्ति र चीनको दोहोरो चरित्रका कारण नेपाल इतिहासकै असहज र चुनौतीपूर्ण अवस्थामा आइपुगेको छ । तत्थ्य र प्रमाणले नेपाली भूभाग भन्छन्, तर, हाम्रा छिमेकी मुलुकहरू हेपाह प्रवृत्ति देखाइरहेका छन् । ठुला र बलिया हौं र शक्तिशाली बनिसक्यौं भन्ने सन्देश दिन खोजिरहेको देखिन्छ । भूमि सानो होस्, या ठूलो, देशको राष्ट्रियता कसैको सानो हुँदैन । हरेक देश सार्वभौम अधिकार सम्पन्न हुन्छन् । यस्ता मुलभूत कुराहरू छिमेकी देश चीन र भारतले भुल्नु हुँदैन । मित्रवत रूपमा सीमा विवादलाई समाधान गर्न तयार रहनुपर्छ ।


## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरुको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मणिलेक, डडेल्धुरा



## डडेल्धुरा अस्पताल डडेल्धुरा

समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

सामाजिक सेवा एकाई
डडेल्धुरा अस्पताल डडेल्धुरा

# लाल बिगूल राष्ट्रिय दैनिक

जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

२०८२ साल भाद्र १३ शुक्रवार

शिक्षा/साहित्य/विविध




## सरकारले उखु किसानको माग सम्बोधन गर्नुपर्छ : गगन थापा

**बिगूल समाचार**

**१३ भाद्र २०८२**




नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले उखु किसानका माग सम्बोधन गरी समस्याको दीर्घकालीन समाधानका लागि सरकारले सरोकार भएका निकायसँग छलफल गर्नुपर्ने बताएका छन् ।

आज जनकपुरधाम विमानस्थलमा कुराकानी गर्दै महामन्त्री थापाले उखुको उत्पादन बढाउने विषयमा सरकारले सरोकार भएका निकायसँग छलफल गरी आवश्यक पहल गर्नुपर्ने सुझाव दिए । सरकारले आन्दोलनमा रहेका उखु किसानका माग तत्कालै सम्बोधन गरी उनीहरूलाई उत्पादन वृद्धिमा प्रोत्साहन गर्नुपर्नेमा उनले जोड दिए ।

कृषि मन्त्रालयले किसानलाई अनुदानबापतको ७० रुपैयाँ उपलब्ध गराउन महामन्त्री थापाले आग्रह गरे । उनले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र कांग्रेसको सहकार्यमा बनेको वर्तमान सरकारमा केही असमानता रहे पनि सरकार परिवर्तन नहुने उल्लेख गरे ।

उखुको मूल्य तोक्न ढिलाइ गर्ने, भुक्तानीमा समस्या हुने, अनुदान नपाउनेलगायत किसानसँग जोडिएका समस्या दीर्घकालीन रूपमा समाधान गर्न तत्काल छलफलका माध्यमबाट उपाय खोज्नुपर्ने उनको भनाइ छ । उखु किसानद्वारा गरिएको आन्दोलनलाई प्रधानमन्त्री र अर्थमन्त्रीले कुनै प्रतिष्ठाको विषय नबनाउने हो भने आजै समस्या समाधान हुने उनले धारणा राखे ।

'चालु आर्थिक वर्षमा अनुदानका लागि रु दुई अर्ब बजेट छुट्याइएको छ, कृषकलाई अनुदान उपलब्ध गराउन उक्त रकम छुट्याइएकाले समस्या समाधान गर्न कुनै द्विविधा छैन', थापाले भने । उनले किसानका माग पूरा गरी दीर्घकालीन रूपमा समस्या समाधान गर्न सरकारले छलफल गर्नुपर्नेमा जोड दिए ।

## व्यावसायिक कृषितर्फ फट्को मार्दै डडेल्धुरा

### एक बर्षमा ५४ करोड ३५ लाखको कृषि उपज निर्यात

**बिगूल समाचार**

**१३ भाद्र २०८२**



डडेल्धुरा-व्यावसायिक कृषि उत्पादनतर्फ फट्को मार्न थालेको डडेल्धुराले पछिल्लो एकबर्षको अवधिमा ५४ करोड ३५ लाख रुपैयाँ बराबरको कृषि उपज निर्यात गरेको छ ।

गत आर्थिक बर्ष २०८१/०८२ मा डडेल्धुराबाट कुल ५४ करोड ३५ लाख रुपैयाँको कृषि उपज निर्यात भएको कृषि ज्ञान केन्द्र डडेल्धुराले जनाएको छ । कृषि ज्ञान केन्द्र डडेल्धुराका कार्यालय प्रमुख वागवानी विकास निर्देशक नरेन्द्र पनेरुले गत आर्थिक बर्षमा डडेल्धुराबाट आलु, तरकारी, भटमास, सुन्तला जात फलफूल, मह र च्याउ सुदूरपश्चिम प्रदेशभित्र र बाहिरी जिल्लाहरुमा निर्यात गरिएको जानकारी दिए ।

गत आर्थिक बर्षमा डडेल्धुराबाट अन्दाजी २० करोड ५० लाख रुपैयाँको पाँच हजार मेट्रिक टन आलु, २५ करोड रुपैयाँको छ हजार मेट्रिक टन तरकारी, पाँच करोड रुपैयाँको पाँच सय मेट्रिक टन भटमास, एक करोड ६० लाख रुपैयाँको दुई सय मेट्रिक टन सुन्तला जात फलफूल, एक करोड ५० लाख रुपैयाँको १५ मेट्रिक टन मह र ७५ लाख मुल्यको ५० मेट्रिक टन च्याउ निर्यात भएको बताए ।

डडेल्धुरा जिल्लाबाट तरकारी, फलफूल, दल्हन तथा नगदे बाली निर्यात भइरहेको भए पनि खाद्यान भने बर्षेनि आयात हुने गरेको छ । गत आर्थिक बर्ष २०८१/०८२ को खाद्यान वासलात पनि निर्यातमुखी देखिएको छ । डडेल्धुरामा गत आर्थिक बर्षमा कटानी तथा प्रशोधन, पशु आहार र बिउ प्रयोजनको कटाएर कुल सात हजार नौ सय ३४ मेट्रिक टन धान, पाँच हजार छ सय ९६ मेट्रिक टन मकै, ११ हजार चार सय ७९ मेट्रिक टन गहुँ, चार सय ६० मेट्रिक टन कोदो र ५९ मेट्रिक टन जौ उत्पादन भएको कृषि ज्ञान केन्द्र डडेल्धुराले जनाएको छ ।

डडेल्धुरा जिल्लाको कुल जनसंख्याको अनुपातमा गतबर्ष कुल २६ हजार छ सय २४ मेट्रिक टन खाद्यान आबश्यक देखिएको अबस्थामा कुल खाद्यान उत्पादन २५ हजार छ सय २९ मेट्रिक टन उत्पादन भएको र एक हजार ३५ मेट्रिक टन खाद्यान अपुग भएको कृषि ज्ञान केन्द्र डडेल्धुराले तयार पारेको खाद्यान वासलातमा उल्लेख छ ।


## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् । नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसुति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरुबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस् ।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् । क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदुरपश्चिम प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

स्वास्थ्य निर्देशनालय

जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा

## जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरुपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रुपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार

वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

डिभिजन वन कार्यालय, डडेल्धुरा

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरुको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरु सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरुको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

आलिताल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भिमदत्तपूर, डडेल्धुरा



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा